# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७२/७३ को पाँच महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

१. तराई भू-भागमा जारी बन्द हड्ताल तथा आपूर्ति व्यवस्थामा आएको अवरोधका कारण इन्धन लगायत कतिपय अत्यावश्यक वस्तुहरुको आपूर्ति पर्याप्त मात्रामा हुन नसकेकोले आर्थिक क्रियाकलापले गति लिन सकेको छैन ।

२. वैदेशिक व्यापारमा महत्वपूर्ण स्थान रहेको वीरगञ्ज-रक्सौल नाका समीक्षा अवधिसम्म सुचारु हुन नसके तापनि भारततर्फका अन्य नाकाहरुबाट केही मात्रामा आयात सहज हुँदै गएकोले आर्थिक क्रियाकलापमा सकारात्मक असर पर्ने अपेक्षा गरिएको छ । चीनतर्फको व्यापारमा महत्वपूर्ण स्थान रहेको तातोपानी नाका भूकम्पपश्चात् अझै सञ्चालनमा आउन सकेको छैन । तर रसुवागढी नाका भने सञ्चालनमा आएको छ ।

३. कृषि मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा प्रमुख बालीहरुमध्ये धानको उत्पादन १० प्रतिशतले घट्ने र मकैको उत्पादन ४ प्रतिशतले बढ्ने अनुमान रहेको छ । समीक्षा अवधिसम्म रासायनिक मलको आपूर्ति सहज हुन नसकेकोले हिउँदे बाली, खासगरी गहुँको उत्पादन प्रभावित हुने देखिएको छ ।

**बक्स १: तयारी पोसाकमा भन्सार छुटको सुविधा**

संयुक्त राज्य अमेरिकाको सिनेटले नेपालबाट हुने तयारी पोसाकको आयातमा १ जनवरी २०१६ देखि लागू हुनेगरी शून्य भन्सार दर कायम गरेको छ[1] । यो व्यवस्था ३१ डिसेम्वर २०२५ सम्म कायम रहने छ ।

नेपालको तयारी पोसाकको निर्यात प्रवर्द्धन गर्न अमेरिकाले विगतमा पनि यस्तो सुविधा दिएको थियो । तर १ जनवरी २००५ देखि लागू हुनेगरी अमेरिकाले मल्टी-फाईवर एरेन्जमेन्ट खारेजी गरेपश्चात् नेपालले यस्तो सुबिधाबाट वञ्चित हुनु परेको थियो । फलस्वरुपः नेपालको तयारी पोसाकको निर्यात खस्कदै गई आर्थिक वर्ष २०६०/६१ मा रु. ९ अर्ब ५५ करोडको तुलनामा आर्थिक वर्ष २०७१/७२ मा रु. ३ अर्ब ९६ करोडमा सीमित भएको थियो ।

विगत लामो समयदेखि तयारी पोसाकको निर्यात व्यवसाय क्रमशः खस्कदै गएको र हालको भूकम्पको क्षतिले अर्थतन्त्र शिथिल भएको सन्दर्भमा अमेरिकाले नेपाललाई यस्तो सहुलियत पुनः प्रदान गरेको हो । यसबाट अमेरिकी बजारमा नेपाली तयारी पोसाकको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन गई नेपालमा लगानी तथा रोजगारी बढाउने अवसर प्राप्त भएको छ ।


१. *Nepal Trade Preferences Act, House of Representative, USA.*

४. इन्धन आपूर्ति सहज हुनासाथ विकास-निर्माण तथा पुनर्निर्माणको कार्य सुचारु हुने तथा औद्योगिक र पर्यटन क्षेत्रले गति लिने अपेक्षा गरिएको छ । समग्रमा दक्षिण नाकामा रहेको अवरोध सहज हुनासाथ आर्थिक क्रियाकलापहरु अगाडि बढ्ने देखिन्छन् ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

५. २०७२ मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७ प्रतिशत रहेको थियो । वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर १४.८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.१ प्रतिशत रहेको छ ।




६. केही खाद्य तथा पेय पदार्थमा भएको मूल्य वृद्धिको फलस्वरुप मुद्रास्फीतिमा चाप पर्न गएको हो । यी उप-समूहमध्ये दलहन तथा गेडागुडीको मूल्य ४८.९ प्रतिशत र घ्यू तथा तेलको मूल्य ४२.३ प्रतिशतले बढेको छ । साथै, मसला, लत्ताकपडा एवम् जुत्ता, फलफूल तथा माछा मासुको मूल्यमा क्रमशः १५.३ प्रतिशत, १४.६ प्रतिशत, १४.३ प्रतिशत र १३.९ प्रतिशतले वृद्धि भएको छ ।

७. तराईमा जारी लामो बन्द हड्ताल तथा आपूर्ति व्यवस्थामा आएको व्यवधान जस्ता अन्तरर्निहित (Underlying) कारणहरुले मुद्रास्फीति बढ्दै गएको हो । तराई क्षेत्रका अधिकांश नाकाहरुमा आवागमन सहज हुदैं गएबाट गत भाद्रदेखि सुरु भएको मूल्य वृद्धिको दवाव कम हुने अपेक्षा गरिएको छ ।

८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौं उपत्यकामा सबैभन्दा बढी अर्थात् १३.२ प्रतिशतले, पहाडमा १२.४ प्रतिशतले, हिमालमा १०.३ प्रतिशतले र तराईमा १०.२ प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर काठमाडौं उपत्यका र पहाड दुबैमा ६.९ प्रतिशत र तराईमा ७.२ प्रतिशत रहेको थियो ।

## नेपाल र भारत बीचको उपभोक्ता मुद्रास्फीति अन्तर

९. २०७२ मंसिर महिनामा भारतको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६ प्रतिशत रहेको तुलनामा नेपालको ११.६ प्रतिशत रहेको छ । यसरी यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ७ प्रतिशत र ४.९ प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर २.१ प्रतिशत रहेको थियो । २०७२ वैशाखको विनाशकारी भूकम्पको अन्तराल प्रभाव, तराई आन्दोलन र दक्षिणका व्यापार नाकाहरुमा भएको अवरोधका कारण नेपाल र भारतबीच मुद्रास्फीतिदरको अन्तरमा वृद्धि हुन गएको हो ।

## थोक मुद्रास्फीति

१०. २०७२ मंसिर महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीतिदर ७.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.६ प्रतिशत रहेको थियो । समीक्षा महिनामा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १३.४ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ७.५ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही महिनामा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.२ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.७ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले वृद्धि भएको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

११. २०७२ मंसिर महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ६.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क १०.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा महिनामा तलब सूचकाङ्कमा ०.८ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ७.७ प्रतिशतले वृद्धि भएको छ । तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, शिक्षा र सार्वजनिक संस्थान उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः २.३ प्रतिशत, १.५ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ११.६ प्रतिशत, ९ प्रतिशत र ३.६ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१२. समीक्षा अवधिमा नेपालको बाह्य क्षेत्रको गतिविधिमा आठ किसिमका प्रमुख प्रवृत्तिहरु देखापरेका छन् । पहिलो, २०७२ भदौदेखि वस्तुगत व्यापार ऋणात्मक रहँदै आएको छ । उदाहरणको लागि आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा कुल वस्तु निर्यात २९.१ प्रतिशतले ह्रास आई रु. २६ अर्ब १७ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १.२ प्रतिशतले ह्रास आई रु. ३६ अर्ब ९१ करोड रहेको थियो । गन्तव्य मुलुकको आधारमा विश्लेषण गर्दा भारत, चीन र अन्य मुलुकतर्फ व्यापार नाकाहरुमा कायम रहिरहेको असहज अवस्थाले गर्दा निर्यात घटेको छ ।




१३. वस्तुगत आधारमा विश्लेषण गर्दा भारततर्फ जिङ्क शीट, लत्ताकपडा, जुस, जि.आई. पाइप लगायतका वस्तुहरु, चीनतर्फ प्रशोधित छाला, चाउचाउ, तयारी पोसाक, लगायतका वस्तुहरु र अन्य मुलुकतर्फ दाल, प्रशोधित छाला, चिया, हस्तकलाका सामान लगायतका वस्तुहरुको निर्यात घटेको छ ।

१४. त्यसैगरी समीक्षा अवधिमा कुल वस्तु आयात ३२ प्रतिशतले घटेर रु. २१३ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.३ प्रतिशतले वृद्धि भई रु. ३१४ अर्ब ५२ करोड पुगेको थियो । तराई क्षेत्रमा जारी आन्दोलन तथा दक्षिणी सीमा नाकाहरुमा रहेको अवरोधका कारण आपूर्ति व्यवस्थामा समस्या उत्पन्न भएकोले पेट्रोलियम पदार्थ लगायतका वस्तुहरुको आयात घट्न गई समीक्षा अवधिमा समग्र आयातको वृद्धिदर ऋणात्मक रहन गएको हो ।

१५. आयात स्रोतका आधारमा विश्लेषण गर्दा भारतबाटको आयात ३९.२ प्रतिशत, चीनबाटको आयात १४.१ प्रतिशत र अन्य मुलुकबाटको आयात २२.६ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा विश्लेषण गर्दा पेट्रोलियम पदार्थको आयात अघिल्लो वर्षको पहिलो पाँच महिनाको रु. ४९ अर्ब ८८ करोडबाट ६३.२ प्रतिशतको उल्लेख्य दरले घटी रु १८ अर्ब ३५ करोडमा सीमित भएको छ । त्यसैगरी एम.एस.विलेट, मेसिनरी तथा पाटपूर्जा, स्टिल डण्डी, चाँदी, कच्चा सोयाविन तेल र खाद्य तेल लगायतका पुँजीगत सरसामान, औद्योगिक कच्चा पदार्थ र उपभोग्य वस्तुहरुको आयात उल्लेख्य रुपले घटेको छ ।

१६. फलस्वरुप समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ३२.४ प्रतिशतले घटी रु. १८७ अर्ब ६६ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १९.१ प्रतिशतले बढेको थियो । एफ. ओ. बि. (FOB) मूल्यमा आधारित वस्तु व्यापार घाटा समीक्षा अवधिमा ३२.६ प्रतिशतले ह्रास भई रु. १८२ अर्ब ३ करोडमा झरेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २१.१ प्रतिशतले बढेको थियो ।

१७. त्यसैगरी, आयात उच्च दरले घटेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १२.२ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.७ प्रतिशत रहेको थियो ।

## भन्सार नाका अनुसार व्यापार स्थिति

१८. वैदेशिक व्यापारको दोस्रो विशेषता भन्सार नाका अनुसारको व्यापारिक कारोवारको प्रवृत्तिमा आएको परिवर्तन रहेको छ । उदाहरणको लागि प्रमुख भन्सार नाकाहरु जस्तै वीरगंज, विराटनगर, भैरहवा र नेपालगंजबाट भएको व्यापार क्रमशः ६७ प्रतिशत, ११.५ प्रतिशत, २.७ प्रतिशत र २१.५ प्रतिशतले घटेको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका र कैलाली नाकाबाट भएको व्यापार क्रमशः ७.७ प्रतिशत र १३५.४ प्रतिशतले बढेको छ ।

## निर्यात आयात मूल्य सूचकाङ्क

१९. व्यापारको शर्त (Terms of Trade) नेपालको पक्षमा रहदैं आउनु नेपालको वाह्य क्षेत्रको तेस्रो विशेषताको रुपमा रहेको छ । उदाहरणको लागि आर्थिक वर्ष २०७२/७३ को पाँचौ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाई मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा १३.१ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ७ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा २१.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात ११.८ प्रतिशतले बढेको थियो । निर्यातित वस्तुहरु चिया, यार्सागुम्बा, अलैंची आदिको मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थको आयातीत मूल्यमा कमी आएको कारण समीक्षा अवधिमा आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

## सेवा

२०. नेपालको बाह्य क्षेत्रको चौथो प्रवृत्तिको रुपमा पर्यटन क्षेत्रको आयमा कमी आउनु रहेको छ । २०७२ वैशाख १२ मा गएको विनाशकारी भुकम्प र तराई क्षेत्रमा कायम असहज अवस्थाको प्रतिकूल प्रभाव स्वरुप समीक्षा अवधिमा सेवा क्षेत्रतर्फको कुल आय १५.३ प्रतिशतले कमी आएको छ । परिणामस्वरुप खुद सेवा आय बचत ४२.७ प्रतिशतले घटेर समीक्षा अवधिमा रु. ३ अर्बमा खुम्चिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ५ अर्ब ३१ करोडले बचतमा रहेको थियो ।

## विप्रेषण आप्रवाह

२१. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १९.४ प्रतिशतको उल्लेख्य दरले वृद्धि हुनु वाह्य क्षेत्रको पाँचौ विशेषता रहेको छ । अघिल्लो वर्षको पहिलो पाँच महिनामा विप्रेषण आप्रवाह २.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । विप्रेषण आप्रवाहमा भएको उच्च वृद्धिका कारण खुद ट्रान्सफर आय २२ प्रतिशतले वृद्धि भई रु. ३१५ अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्षको पाँच महिनामा यस्तो आय १.३ प्रतिशतले बढेको थियो ।

२२. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा भने गत वर्षको तुलनामा समीक्षा अवधिमा कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक

**बक्स २: बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३७७५६ |
| भदौ | २४२१४ | ५१५५१ | ४०२७५ |
| असोज | ३१९५९ | ३५५५० | ३५४८४ |
| कात्तिक | ३१९४९ | ४३२१३ | २३०६१ |
| मंसिर | ४१६३४ | ५३३५४ | ३८३५० |
| पुस | ५००३२ | ४५३६२ | – |
| माघ | ३७२८५ | ४८९४१ | – |
| फागुन | ४८५५२ | ४४४६० | – |
| चैत | ४५८५४ | ५२२१० | – |
| वैशाख | ५४१७३ | ३१३७५ | – |
| जेठ | ५४९२६ | ३७९६२ | – |
| असार | ६१७१७ | २६६०० | – |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **१७४९२६** |
| प्रतिशत परिवर्तन | १६.५ | –२.९ | –२२.६** |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
** मंसिरसम्मको जोडको तुलना ।
स्रोतः वैदेशिक रोजगार विभाग ।

रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा गत वर्षको सोही अवधिको तुलनामा २२.६ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २८.६ प्रतिशतले बढेको थियो।

## चालू खाता एवं शोधनान्तर स्थिति

२३. उपरोक्त विकासक्रमको परिणामस्वरुप चालू खाता र समग्र शोधनान्तरमा ऐतिहासिक रुपले उच्च बचत हासिल हुनु बाह्य क्षेत्रको सातौं विशेषता रहेको छ। अघिल्लो वर्षको पहिलो पाँच महिनामा रु. ३ अर्ब ६१ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. १४८ अर्ब ५२ करोडले बचतमा रहेको छ भने अघिल्लो वर्षको पहिलो पाँच महिनामा रु. २३ अर्ब ३५ करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा अवधिमा रु. १२८ अर्ब ११ करोडले बचतमा रहेको छ।

२४. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. ६ अर्ब ७८ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब ९२ करोड रहेकोले पनि शोधनान्तर बचत वृद्धिमा सहयोग पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ४ अर्ब ७४ करोड र बैदेशिक लगानी रु. ९४ करोड ५६ लाख रहेको थियो।

२५. नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा गत आर्थिक वर्षमा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो। चालू आर्थिक वर्षको पाँच महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानीमा रु. १ अर्ब ५२ करोड लाभांश भुक्तानी भएको छ।

**बक्स ३: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***

(रु. करोडमा)


| क्षेत्र | २०७१/७२ वार्षिक | २०७२/७३ को मंसिरसम्म |
|---|---|---|
| वित्तीय क्षेत्र | १७९.४४ | ०.० |
| सञ्चार क्षेत्र | ०.४० | १४१.६२ |
| जलविद्युत क्षेत्र | २८७.४५ | ०.० |
| औद्योगिक क्षेत्र | २२९.९२ | १०.३५ |
| सेवा क्षेत्र | २३.८६ | ०.० |
| **जम्मा** | **७२१.०७** | **१५१.९७** |

* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा।

## विदेशी विनिमय सञ्चिति

२६. वैदेशिक मुद्रा सञ्चितिमा उल्लेख्य रुपले वृद्धि हुनु वाहय क्षेत्रतर्फको आठौं विशेषता रहेको छ। कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडबाट १९.६ प्रतिशतले वृद्धि भई २०७२ मंसिर मसान्तमा रु. ९८५ अर्ब ५२ करोड पुगेको छ।

२७. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको तुलनामा २०७२ मंसिर मसान्तमा २०.३ प्रतिशतले वृद्धि भई रु. ८४५ अर्ब ८९ करोड पुगेको छ। त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति १५.४ प्रतिशतले वृद्धि भई रु. १३९ अर्ब ६४ करोड पुगेको छ। कुल सञ्चितिमा नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८५.८ प्रतिशत रहेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.१ प्रतिशत रहेको छ।



चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (मंसिर मसान्त)

### सञ्चिति पर्याप्तता सूचकहरु

२८. वाह्य क्षेत्रतर्फ देखिएको उपरोक्त विकासक्रमहरुको परिणाम स्वरुप सञ्चिति पर्याप्तता सूचकहरुमा उल्लेखनीय सुधार आएको छ । आर्थिक वर्ष २०७२/७३ को पाँच महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २३.४ महिनाको वस्तु आयात र १८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिसँग कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायको अनुपातहरु क्रमशः ४६.४ प्रतिशत, १५६ प्रतिशत र ४८.५ प्रतिशत रहेका छन् । २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.३ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७१ मंसिर मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६१.०९ रहेकोमा २०७२ मंसिर मसान्तमा ३८.४ प्रतिशतको उच्च दरले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर ३७.६६ कायम भएको छ । यस अवधिमा अमेरिकामा पेट्रोलियम पदार्थको सञ्चिति उच्च रहेको तथा चीनमा मागमा कमी आएको कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएको हो । त्यसैगरी, सुनको मूल्य २०७१ मंसिर मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२०९.२५ रहेकोमा २०७२ मंसिर मसान्तमा १२.२ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १०६१.५ कायम रहेको छ ।

३०. २०७२ असार मसान्तको तुलनामा २०७२ मंसिर मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.५ प्रतिशतले अवमूल्यन भएको थियो । २०७२ मंसिर मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०७ पुगेको छ । २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।

## सरकारी वित्त स्थिति*


### बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ३२ अर्ब ८१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ४६ अर्ब ६३ करोडले बचतमा रहेको थियो ।

### सरकारी खर्च

३२. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ९ प्रतिशतले ह्रास भई रु. १०६ अर्ब ६५ करोडमा सीमित भएको छ । यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको १३ प्रतिशत हुन आउँछ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च २३.९ प्रतिशतले वृद्धि भई रु. ११७ अर्ब २१ करोड पुगेको थियो । तराई-मधेशमा जारी आन्दोलन तथा व्यापार नाकामा भएको अवरोधका कारण कुल सरकारी खर्च घटेको हो ।

चार्ट : ४ राजस्व तथा कुल खर्च वृद्धिदर (पाँच महिना)




---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६८ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४८ वटा मध्ये ४१ वटा शाखाहरु, कृषि विकास बैंक लिमिटेडका २१ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु र नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैंक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

३३. समीक्षा अवधिमा चालू खर्च १२.७ प्रतिशतले घटी रु. ८३ अर्ब २२ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च १४.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पूँजीगत खर्च ३.२ प्रतिशतले घटेर रु. ८ अर्ब ५२ करोडमा सीमित भएको छ । इन्धन एवम् निर्माण सामग्रीको अभावका कारण कतिपय महत्वपूर्ण आयोजनाहरु अवरुद्ध भएका तथा भूकम्प पछिको पुनर्निर्माणको कार्य समेत प्रारम्भ नभएका कारण पूँजीगत खर्च घट्न गएको हो । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ४९.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा भएको पूँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८९ करोडको ४.१ प्रतिशत मात्र हुन आउँछ ।

**बक्स ४: वजेटको प्रगति**

| शीर्षक | बजेट अनुमान | पाँच महिनाको प्रगति | |
|---|---|---|---|
| | | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | **८१९४६.९** | **१०६६५.२** | **१३.०** |
| चालू खर्च | ४८४२६.६ | ८३२१.६ | १७.२ |
| पूँजीगत खर्च | २०८८७.७ | ८५१.९ | ४.१ |
| वित्तीय व्यवस्था खर्च | १२६३२.५ | १४९१.७ | ११.८ |
| **राजस्व** | **४७५०१.२** | **११२८१.२** | **२३.७** |

## सरकारी राजस्व

३४. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन २०.६ प्रतिशतले घटी रु. ११२ अर्ब ८१ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २४.१ प्रतिशतले वृद्धि भएको थियो । भन्सार नाकामा भएको अवरोधका कारण आयातमा संकुचन आउनाले तथा इन्धन लगायत आवश्यक सामग्रीको अभावमा आर्थिक गतिविधिमा शिथिलता आएकोले मूल्य अभिवृद्धि कर, भन्सार राजस्व, अन्तःशुल्क, आयकर लगायतका कर राजस्व संकलनमा कमी आएको छ । समीक्षा अवधिमा कुल राजस्व बजेट लक्ष्य रु. ४७५ अर्बको २३.७ प्रतिशत मात्र परिचालन भएकोले चालू आर्थिक वर्षमा लक्षित राजस्व संकलन हुन कठिन देखिन्छ ।


## सार्वजनिक ऋण तथा सरकारको नगद मौज्दात

३५. समीक्षा अवधिमा नेपाल सरकारले रु. १० अर्ब ६० करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ । फलस्वरुप, नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०७२ असार मसान्तमा रु. १९६ अर्ब ७९ करोड रहेकोमा २०७२ मंसिर मसान्तमा रु. १८६ अर्ब १९ करोड रहेको छ ।

३६. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७२ मंसिर मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ८२ अर्ब ८ करोड नगद मौज्दात कायम रहेको छ ।

# मौद्रिक तथा वित्तीय स्थिति

## मुद्राप्रदाय




३७. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय २० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ०.१ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ मंसिर मसान्तमा विस्तृत मुद्राप्रदाय २५ प्रतिशत र संकुचित मुद्राप्रदाय ४३.७ प्रतिशतले बढेको छ । शेयरको प्राथमिक निष्काशनका कारण बैंक तथा वित्तीय संस्था वाहेकका संस्थाहरुको यस बैंकमा रहेको निक्षेप  बढ्न गएबाट संकुचित मुद्रा प्रदायको वृद्धिदर उच्च हुन गएको हो ।

३८. समीक्षा अवधिमा सञ्चित मुद्रा ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ७.८ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ मंसिर मसान्तमा उक्त मुद्रा ३०.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकको खुद वैदेशिक सम्पत्तिमा विस्तार आएकोले सञ्चित मुद्रा बढेको हो ।

३९. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १२८ अर्ब ११ करोड (१७.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. २३ अर्ब ३५ करोड (३.९ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह उल्लेख्य रुपमा बढ्नुका साथै आयात समेत उच्च दरले संकुचित भएकोले खुद वैदेशिक सम्पत्तिको विस्तार उच्च रहन गएको हो ।

## कुल आन्तरिक कर्जा


४०. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा कुल आन्तरिक कर्जा ०.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.५ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ मंसिर मसान्तमा यस्तो कर्जा ११.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढेको कारण कुल आन्तरिक कर्जाको वृद्धिदरमा ह्रास आएको हो । समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ८.७ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७२ मंसिर मसान्तमा १४.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर २३.१ प्रतिशत रहेको थियो ।

## वित्तीय साधन परिचालन

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संकलन वृद्धिदर अघिल्लो वर्षको सोही अवधिभन्दा केही बढेको छ भने कर्जा तथा लगानीको वृद्धिदरमा संकुचन आएको छ ।

## निक्षेप संकलन

४२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ४.६ प्रतिशत (रु. ७८ अर्ब ४६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप ४.२ प्रतिशत (रु. ५९ अर्ब ३६ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ५ प्रतिशत र २.७ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ०.९ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.५ प्रतिशतले बढेको छ ।



चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (पाँच महिना)

## कर्जा प्रवाह

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.३ प्रतिशत (रु. ४३ अर्ब ७२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ८ प्रतिशत (रु. ८९ अर्ब ४ करोड) ले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ४ प्रतिशत र ३.६ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको ०.९ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १४.६ प्रतिशतले बढेको छ ।

४४. समीक्षा अवधिमा औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, कृषि लगायतका प्रमुख क्षेत्रमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाह केही न्यून भएको छ । समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ३७ करोड (०.५ प्रतिशत), थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३ अर्ब ९० करोड (१.३ प्रतिशत), निर्माण क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ६६ करोड (३ प्रतिशत), यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ६ अर्ब ४५ करोड (१०.७ प्रतिशत) र कृषि क्षेत्रतर्फको कर्जा रु. ३७ करोड (०.६ प्रतिशत) ले बढेको छ ।

४५. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ६०.१ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १२.५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५८.९ प्रतिशत र १३.५ प्रतिशत रहेको थियो ।

४६. समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.६ प्रतिशत (रु. ३० अर्ब २२ करोड) मात्र रहेको छ । यस्तो कर्जा प्रवाह न्यून रहनुमा कर्जाको धितो एक प्रमुख समस्याको रुपमा रहेकोले सुरक्षित कारोबार दर्ता (Secured Transaction Registry) सम्बन्धी कार्यलाई कार्यान्वयनमा ल्याउन आवश्यक छ । त्यसैगरी, समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट प्रवाहित ट्रष्ट रिसिप्ट कर्जा (आयात कर्जा) ७.१ प्रतिशत (रु. ३ अर्ब ९२ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १७.७ प्रतिशत (रु. ८ अर्ब ६१ करोड) ले बढेको थियो । समीक्षा अवधिमा सीमा अवरोध एव्म् तराई आन्दोलनका कारण आयात उल्लेख्य रुपमा घट्न गएकोले यस्तो कर्जाको उपयोगमा कमी आएको हो ।

## तरलता व्यवस्थापन

| बक्स ५: तरलता प्रशोचन लागत (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| तरलता प्रशोचन उपकरण | २०७१/७२ (वार्षिक) | | २०७२/७३ (पाँच महिना) | |
| | परिमाण | ब्याज लागत | परिमाण | ब्याज लागत |
| निक्षेप संकलन बोलकबोल | १५५०० | १७.०५ | १८३४० | ४८.२१ |
| रिभर्स रिपो बोलकबोल | ३१५८० | ०.२८ | ८५३० | ०.६३ |
| सोझै बिक्री बोलकबोल | ६०० | १.७३ | ९१० | २.९० |
| **कुल** | **४७६८०** | **१९.०६** | **२७७८०** | **५१.७४** |

४७. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनासम्ममा यस बैंकले रु. २७७ अर्ब ८० करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. १८३ अर्ब ४० करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ८५ अर्ब ३० करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको छ । २०७२ मंसिर मसान्तमा निक्षेप संकलन बोल-कबोल बक्यौता रकम रु. १२६ अर्ब १५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ५५ अर्ब तथा रिभर्स रिपोमार्फत् रु. २२० अर्ब ५० करोड तरलता प्रशोचन भएको थियो । समीक्षा अवधिमा विभिन्न उपकरणमार्फत् तरलता प्रशोचन गर्दा कुल रु. ५१ करोड ७४ लाख ब्याज खर्च भएको छ ।

४८. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ८८ करोड खुद खरिद गरी रु. १९६ अर्ब ८३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ४१ करोड खुद खरिद गरी रु. १३१ अर्ब ६२ करोडको खुद तरलता प्रवाह भएको थियो ।

४९. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब १० करोड बिक्री गरी रु. ११५ अर्ब ४५ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ५२ करोड बिक्री गरी रु. १४८ अर्ब ८२ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## वित्तीय विस्तार

५०. वित्तीय संस्थाहरुको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७१ मंसिरमा ३,६९४ रहेकोमा २०७२ मंसिरमा ३,९८४ पुगेको तथा निक्षेप एवम् ऋण खाता संख्यामा विस्तार हुँदै गएकोले समग्र वित्तीय पँहुच अभिवृद्धिमा सघाऊ पुगेको छ (बक्स ६) ।

**बक्स ६: वित्तीय विस्तारको अवस्था**

| विवरण | मंसिर | |
|---|---|---|
| | २०७१ | २०७२ |
| बैंक तथा वित्तीय संस्थाहरुको संख्या | १९७ | १९० |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या | ३,६९४ | ३,९८४ |
| डेबिट कार्ड संख्या | ४१,४५,४०५ | ४२,८६,४५५ |
| क्रेडिट कार्ड संख्या | ५९,३५२ | ४५,५५४ |
| निक्षेप खाता संख्या | १,४४,१६,७०१ | १,५२,७९,९०९ |
| ऋण खाता संख्या | ९,४९,७७७ | १०,२७,०९० |

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

५१. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा केही घटेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. १ अर्ब ५४ करोड र निर्यात पुनरकर्जा रु. १६ करोड गरी जम्मा रु. १ अर्ब ७० करोड पुनरकर्जाको उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. १ अर्ब ६८ करोड र निर्याततर्फ रु. १ अर्ब १९ करोड गरी कुल रु. २ अर्ब ८७ करोडको पुनरकर्जा उपयोग भएको थियो ।

५२. भूकम्प पीडितहरुलाई राहत प्रदान गर्न यस बैंकबाट शुन्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा यस सम्वन्धी आवश्यक कार्यविधि तर्जुमा गरी लागू गरिएको छ । सरकारी स्तरमा संचालन हुनुपर्ने राहत तथा पुनरनिर्माणको कार्यले गति लिएमा भूकम्प पीडितका लागि व्यवस्था गरिएको सहुलियत पुनरकर्जाको माग पनि बढ्ने अपेक्षा गरिएको छ ।

५३. वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था भएकोमा २०७२ मंसिर मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जा १६.२ प्रतिशत रहेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

५४. आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा वाणिज्य बैंकहरुले रु. ३१७ अर्ब ५२ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ३० अर्ब ७८ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. १४० अर्ब ६८ करोड र रु. ८१ अर्ब ८१ करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको माग गरेका छैनन् ।

## ब्याजदर

५५. २०७१ मंसिरको तुलनामा २०७२ मंसिरमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७१ मंसिरमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.१३ प्रतिशत रहेकोमा २०७२ मंसिरमा ०.४८ प्रतिशत पुगेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ मंसिरको ०.१५ प्रतिशतको तुलनामा २०७२ मंसिरमा ०.८२ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ मंसिरको २.४८ प्रतिशतको तुलनामा २०७२ मंसिरमा १.५० प्रतिशत रहेको छ ।

५६. २०७२ मंसिरमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.४१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको मंसिरमा यस्तो ब्याजदर अन्तर ४.४८ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ मंसिरको ७.४४ प्रतिशतको तुलनामा २०७२ मंसिरमा ६.९१ प्रतिशत कायम हुन आएको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको अवस्था

५७. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ । "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि २०७२ मंसिर मसान्तसम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन् । त्यसैगरी, हालसम्म एउटा वाणिज्य बैंकले दुईवटा वित्त कम्पनीहरु र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन् ।

## नियमन व्यवस्था

५८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको शाखा खरिद गर्न सक्ने, उच्च गरिबी रहेका तोकिएका १० जिल्लाहरु र गरिबीको गहनता बढी भएका दक्षिणी सीमावर्ती क्षेत्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा कृषि तथा साना व्यवसायमा प्रवाहित रु. ५ लाखसम्मको कर्जामा विशेष पुनरकर्जा सुविधा प्रदान गर्ने तथा उक्त क्षेत्रमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने, प्रमुख शहरहरुमा संचालन हुने सार्वजनिक यातायात संचालन गर्ने संगठित संस्थालाई प्रदान गरिने कर्जालाई उत्पादनमूलक कर्जामा गणना गर्ने र Magnetic Strip Card लाई Chip Based Card मा प्रतिस्थापन गर्ने लगायतका निर्देशनहरु जारी गरिएका छन् । त्यसैगरी, समीक्षा अवधिमा नेपाल क्लियरिङ्ग हाउस लि. ले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुको Net Clearing Position यस बैंकको बैंकिङ्ग कार्यालयमा पठाउने विद्यमान व्यवस्थामा परिमार्जन गरी तोकिए बमोजिम पाँच सत्रमा सञ्चालन गर्ने व्यवस्था गरिनुको साथै चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए अनुसारको चुक्ता पूँजी कायम गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा पेश गरेको पूँजी योजना आ-आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था सम्बन्धी निर्देशनहरु जारी गरिएका छन् ।

५९. समीक्षा अवधिमा तराई क्षेत्रमा जारी आन्दोलन तथा सीमा क्षेत्रमा भएको व्यापार एवम् पारवहन अवरोधले सृजना गरेको असहज परिस्थितिका कारण समयमै कर्जाको सावाँ-ब्याज वा किस्ता रकम तिर्न नसकी त्यस्तो रकम २०७२ पुस मसान्तभित्र प्राप्त भएमा असल कर्जामै गणना गर्ने र कुनै प्रकारको हर्जाना वा शुल्क नलगाउने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र ऊर्जा लगायतका सेवा क्षेत्रका ऋणीले लिखित कार्ययोजना सहित माग गरेमा २०७२ पुस मसान्तभित्र एक पटकका लागि बढीमा १ वर्षसम्म कर्जा पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिने, २०७२ असोज मसान्तसम्म पाकेको ब्याज २०७२ कात्तिक मसान्तसम्ममा प्राप्त भएमा चालू आर्थिक वर्षको प्रथम त्रयमासको नाफा नोक्सान हिसाबमा राख्न सकिने, प्रतितपत्रको आधारमा प्रवाह गरिने ट्रष्ट रिसिप्ट कर्जाको अवधि विद्यमान १२० दिनबाट बढाई बढीमा १८० दिन कायम गर्ने लगायतका निर्देशनहरु समेत जारी गरिएका छन् ।

## समष्टिगत विवेकशील नियमन

६०. घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ मंसिरसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २१५ अर्ब १० करोड कर्जा (प्रति ग्राहक रु. १ करोड भन्दा कमको रु. १२३ अर्ब ७५ करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.३ प्रतिशत हुन आउँछ । २०७२ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको १.९ प्रतिशत (रु. २६ अर्ब ७५ करोड) रहेको छ ।

६१. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पूँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ मंसिरमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ७१.८६ प्रतिशत, विकास


बैंकहरुको ७०.१६ प्रतिशत तथा वित्त कम्पनीहरुको ६८.६५ प्रतिशत रहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गर्नसक्ने स्थिति रहेको देखिन्छ ।

६२. वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ मंसिर मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.८९ प्रतिशत, विकास बैंकहरुको १६.४७ प्रतिशत र वित्त कम्पनीहरुको २१.४९ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी Buffer कायम गरेको अवस्थामा मात्रै नगद लाभांश वितरण गर्न पाउने व्यवस्था रहेको छ ।

६३. वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमशः २० गुणासम्म र १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्नसक्ने व्यवस्था रहेको छ । यस अनुसार २०७२ मंसिरमा विकास बैंकहरुले प्राथमिक पूँजीको ६.५ गुणा र वित्त कम्पनीहरुले ५ गुणा निक्षेप संकलन गरेका छन् ।

## पूँजी बजार

६४. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २२.३ प्रतिशतले वृद्धि भई २०७२ मंसिर मसान्तमा १,१२१ विन्दुमा पुगेको छ । २०७१ मंसिर मसान्तमा उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिको तुलनामा २५ प्रतिशतले वृद्धि भई ९१६.७ विन्दु कायम भएको थियो । तराई क्षेत्रमा जारी आन्दोलन तथा आपूर्ति व्यवधानका कारण २०७२ भदौ अन्त्यतिरबाट लगातार गिरावट आइरहेको नेप्से सूचकाङ्कमा मध्य मंसिरबाट सुधार आइरहेको छ ।




६५. नेप्से सूचकाङ्कको १२ महिने स्तरीय विचलन (Rolling Standard Deviation) २०७२ मंसिर मसान्तमा १६ प्रतिशतले वृद्धि भएको छ । मासिक क्षेत्रगत उतार चढावलाई हेर्दा २०७२ मंसिर महिनाको कारोबार अवधिभरमा बीमा कम्पनी समूहको सबैभन्दा बढी विचलन देखिएको छ ।

६६. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २६.५ प्रतिशतले वृद्धि भई २०७२ मंसिर मसान्तमा रु. १,१८९ अर्ब ४९ करोड पुगेको छ । बजार पूँजीकरण अनुपात अघिल्लो वर्ष २६.३ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग समीक्षा अवधिको बजार पुँजीकरणको अनुपात ५६ प्रतिशत रहेको छ । २०७१ मंसिर मसान्तमा यस्तो अनुपात ४८.४ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ८१.५ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ५.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.८ प्रतिशत, होटल समूहको २ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ८.३ प्रतिशत रहेको छ ।

६७. २०७१ मंसिरको रु. ३ अर्ब ७७ करोडको तुलनामा २०७२ मंसिरमा कुल शेयर कारोबार रकममा ५९.६ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब २ करोड पुगेको छ । कुल कारोबार रकममा वाणिज्य बैंक समूहको ४३.६ प्रतिशत, विकास बैंकहरुको २० प्रतिशत, बीमा कम्पनीको १७.७ प्रतिशत, संस्थापक शेयरको ७.४ प्रतिशत, जलविद्युत् क्षेत्रको ६.९ प्रतिशत, वित्त कम्पनीको १.८ प्रतिशत, होटलको १.२ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको ०.६ प्रतिशत, सामूहिक लगानी कोष र अन्य समूहको ०.४/०.४ प्रतिशत अंश रहेको छ ।

६८. २०७२ मंसिर मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २२७ रहेको छ । २०७१ मंसिर मसान्तसम्ममा यस्तो संख्या २३४ रहेको थियो । केही बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरुको संख्या घट्न गएको हो ।

६९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा ३२.३ प्रतिशतले वृद्धि भई २०७२ मंसिर मसान्तमा रु. २३८ अर्ब ९७ करोड पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को पाँचौं महिनासम्ममा रु. १ अर्ब ७४ करोड बराबरको साधारण शेयर, रु. १ अर्ब २८ करोड बराबरको अग्राधिकार शेयर, रु. २ अर्ब ५६ करोड बराबरको बोनस शेयर र रु. १ अर्ब १० करोड बराबरको डिबेन्चर गरी कुल रु. ६ अर्ब ६८ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।